कार्यपालिकाबाट पारित मितिः-

कार्यविधि संख्याः

# फक्ताङलुङ गाउँपालिका

## आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७५

प्रस्तावनाः- लोक कल्याणकारी राज्यको अवधारणा अनुसार आर्थिक रुपले विपन्न निरपेक्ष गरिबीको रेखा मुनी रहेका दिर्घरोगी, हिंसा पीडित तथा बेचबिखनमा परेका महिला, बालबालिका, विपन्न अति अशक्त अपांग र पूर्ण अशक्त अपांग, बेवास्तामा परेका ज्येष्ठ नागरिकको लागि आर्थिक सहायता दिन आर्थिक सहायता सम्बन्धि कानून बनाउन वाञ्छनीय भएकोले फक्ताङलुङ गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः-

(क) यस कार्यविधिको नाम "फक्ताङलुङ गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७५" रहेको छ ।

(ख) यो मापदण्ड तुरुन्त लागू हुनेछ ।

२. परिभाषाः- विषय प्रसंगले अर्को अर्थ नलागेमा

(क) "गाउँपालिका" भन्नाले फक्ताङलुङ गाउँपालिकालाई सम्झनुपर्छ ।

(ख) "गाउँकार्यपालिका" भन्नाले फक्ताङलुङ गाउँकार्यपालिकालाई सम्झनुपर्छ ।

(ग) "आर्थिक सहायता पाउन योग्य व्यक्ति" भन्नाले निरपेक्ष गरिबीको रेखामुनी रहेको भनी प्रमाणित भएका मुटु, मृगौला, फोक्सो, कलेजो जस्ता शरीरका महत्वपूर्ण अंगहरुका रोगी एवं क्यान्सर पीडित व्यक्तिहरु, घरेलु हिंसाबाट आक्रान्त र पीडित एवं बेचविखनमा परेका महिलाहरु, जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वा वेवारिसे अवस्थामा फेला परेको, ऋणको कारणले बन्धकमा परेको वा जबरजस्ती श्रमबाट पीडित भएको, शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यहारबाट पीडित, दुर्घटनामा परेको, प्राकृतिक प्रकोपमा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले वेवारिसे रहेको, यौन शोषण, यौनदुर्व्यहार, बेचबिखन वा ओसारपसारमा परेको, हिंसापीडित, बाबु, आमा वा संरक्षकबाट वञ्चित, अपांगता भएको सुस्तमनस्थिति भएको, अपहरण वा शरिरबन्धकमा परेको सडक बालबालिका, एच.आई.भी. एड्सबाट संक्रमित बालबालिका, बेसहारा वृद्धवृद्धा बुझ्नुपर्दछ ।

(घ) "न्यायिक समिति" भन्नाले फक्ताङलुङ गाउँपालिका अन्तर्गतको न्यायिक समिति सम्झनु पर्दछ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले फक्ताङलुङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(च) "गाउँ प्रमुख" भन्नाले फक्ताङलुङ गाउँपालिकाको गाउँप्रमुखलाई सम्झनु पर्दछ ।

(१) यस कार्यविधि अनुसार आर्थिक सहायता दिने एवं प्राकृतिक र गैर प्राकृतिक प्रकोप पीडितलाई राहत, उद्धार तथा पुर्नस्थापना गर्ने र अन्य आकस्मिक कार्यमा प्रयोग गर्ने प्रयोजनको लागि एक आकस्मिक कोषको स्थापना गरिनेछ ।

(२) आकस्मिक कोषमा देहायको रकम जम्मा गरिनेछः-

(क) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकारबाट आकस्मिक कोषको लागि प्राप्त अनुदान,

(ख) सरकारी तथा गैरसरकारी संघ संस्थाबाट आकस्मिक कार्य (आर्थिक सहायता, प्रकोप पीडित राहत)को लागि प्राप्त सहयोग वा अनुदान,

(ग) आर्थिक सहायता, प्राकृतिक प्रकोप पीडितको उद्धार, राहत तथा पुर्नस्थापनाको लागि प्राप्त जुनसुकै रकम,

(३) कोषको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(४) आकस्मिक कोष सम्बन्धि अन्य व्यवस्था गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

अनुसूची- १ (खण्ड ९ सँग सम्बन्धित)

मितिः-

श्रीमान् गाउँ प्रमुख ज्यू,
फक्ताङलुङ गाउँपालिका,
तापेथोक, ताप्लेजुङ्ग ।

विषयः- आर्थिक सहायता उपलब्ध गराइदिनु हुन ।

महोदय,

प्रस्तुत विषयमा म/ हामी ....................................... रोगले ग्रसित भई ...................... गर्नुपर्ने व्यहोरा अवगत गराउँदछु/ छौं । उपचारको लागि म र मेरो परिवारको आर्थिक अवस्था नाजुक भएकोले सो को लागि तहाँ कार्यालयको नियमानुसार आर्थिक सहायता उपलब्ध गराई निःशुल्क उपचारको लागि सम्बन्धित निकायमा सिफारिस तथा हल गरिदिनु हुन तपसिलका कागजातहरु यसै साथ संलग्न राखी पेश गर्दछु/ गर्दछौं।

तपसिल

१. विपन्नताको सिफारिस तथा प्रमाणित प्रतिलिपि
२. नागरिकता/ जन्मदर्ता/ विवाहदर्ता/.............................. को प्रतिलिपि
३. अस्पतालको रिपोर्ट
४. ..................................................

निवेदक

| क्र.सं. | नाम, थर | ठेगाना | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |